# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
## कर्मचारी आवश्यकता सम्बन्धी सूचना
सूचना प्रकाशन भएको मिति २०७७/१०/१३

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र सीप परियोजना बिच भएको सम्झौता अनुसार Capacity Development and Financing to Migrant Workers कार्यक्रमका लागि करार सेवामा तपसिल अनुसार जनशक्तिको आवश्यकता भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरु, हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो एवं यस वित्तीय संस्थाले तोकेको ढाँचाको दरखास्त फाराम नं. २, अनुसूची- १ भरी यो सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र (दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) कार्यालय समय भित्रमा तलको ठेगानामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम र Terms of Reference (ToR) यस वित्तीय संस्थाको Website: www.skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ । रित नपुगेको तथा तोकिएको समय भन्दा पछि प्राप्त हुने आवेदन उपर कुनै कारवाही गरिने छैन । आवेदन फाराम बुझाउदा दरखास्त दस्तुर वापत रु.५००।- (अक्षरेपि रु. पाँच सय) मात्र यस वित्तीय संस्थाको प्रभु बैंक लि. टेकुमा रहेको खाता नं. ११४००७२८५०२०००३५ मा जम्मा गरी भौचरको सक्कल प्रति दरखास्त साथै समावेश गर्नु पर्नेछ । छनौट सूची (Short Listing) मा परेका उम्मेदवारहरूलाई मात्र मामिला प्रस्तुतीकरण (Case Presentation) तथा अन्तर्वार्ताका लागि बोलाईने छ ।

**परीक्षाको किसिम :** मामिला प्रस्तुतीकरण (Case Presentation) तथा अन्तर्वार्ता

**तपसिल :**

| विज्ञापन नं. | पद | पद संख्या | करार अवधि | सुविधा | काम गर्नुपर्ने स्थान | आवश्यक शैक्षिक योग्यता तथा अनुभव | उमेरको हद |
|---|---|---|---|---|---|---|---|
| ०७/२०७७/०७८ | Enterprise Development Specialist/ Project Coordinator | १ (एक) | २०७८/०९/१६ सम्म (२०२१ डिसेम्बर, ३१ सम्म) | मासिक तलब रु. दुई लाख र १ महिनाको तलब बराबरको चाड पर्व खर्च । | वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाडौं । | एम.फिल. वा सो भन्दा माथिको शैक्षिक योग्यता र साना किसान कृषि सहकारीको प्रवर्धन, संचालन, अनुगमन कार्यको कम्तीमा १० वर्षको अनुभव वा लघुवित्त क्षेत्र, दातृ निकायको वित्तीय सहयोगमा संचालित आयोजना एवं तालिम तथा क्षमता विकास सम्बन्धी कम्तीमा १० वर्षको कार्यानुभव । | दरखास्त दिने अन्तिम मितिमा २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको । |
| ०८/२०७७/०७८ | Field Coordinator | ३ (तीन) | २०७८/०९/१६ सम्म (२०२१ डिसेम्बर, ३१ सम्म) | **मासिक तलबः-** रु.६०,०००/-, **स्थानीय भत्ता तथा यातायात खर्चः-** मासिक रु.२५,०००/-, १ महिनाको तलब बराबरको चाडपर्व खर्च | वित्तीय संस्थाको इलाका कार्यालय बर्दिबास, बुटवल र नेपालगंजमा रहने गरी १/१ जना । | कुनै विषयमा प्रमाणपत्र स्तर वा दश जोड दुई उत्तीर्ण गरी ग्रामीण लघुवित्त क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी उल्लिखित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यानुभव । दातृ निकायको सहयोगमा संचालित आयोजनामा काम गरेकालाई प्राथमिकता दिइनेछ । | दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ५० वर्ष ननाघेको । |

**विदा सुविधा :** (१) मासिक १ दिन भैपरी विदा । (२) मासिक १ दिन विरामी विदा सम्झौता अवधिसम्म सञ्चित हुने तर सञ्चित विदा वापतको कुनै वित्तीय सुविधा नहुने । **बीमा सुविधा :** रु.२० लाख सम्मको दुर्घटना र रु.१ लाख सम्मको स्वास्थ्य बीमा सेवा अवधिभर कायम रहने गरी बीमा गरिने छ । **दैनिक तथा भ्रमण खर्च :** Enterprise Development Specialist/ Project Coordinator लाई फिल्ड भ्रमण गर्दा यस वित्तीय संस्थाको वरिष्ठ प्रबन्धक सरहको दैनिक भत्ता र वास्तविक खर्चका आधारमा भ्रमण खर्च उपलब्ध गराउने र Field Coordinator लाई खटाईएको क्षेत्र बाहिर वित्तीय संस्थाले काजमा खटाएको अवस्थामा मात्र वास्तविक खर्चका आधारमा भ्रमण खर्च र वित्तीय संस्थाको अधिकृत सरह दैनिक भत्ता उपलब्ध गराउने ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय सुविधानगर, काठमाण्डौ, नेपाल
फोन : ०१-४१११७५२/८२८